मुख्यमन्त्री

मानवीय मुख्यमन्त्रीको निजी सचिवालय
गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा, नेपाल

# नयाँ वर्षको शुभकामना !

स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण प्रदेशवासी दिदीबहिनी तथा दाजुभाइहरुमा नयाँ वर्ष, विसं २०७९ को उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । साथै यस नयाँ वर्षमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु, एकता एवं समृद्धिका लागि कामना गर्दछु ।

विसं २०७९ साल चुनावी वर्ष हो । स्थानीय, प्रदेश र संघको चुनावको संघारमा हामी छौं । निश्पक्ष निर्वाचनमा सहभागी भई मुलुकको समृद्धिका साथै प्रजातान्त्रिक प्रणालीको सुदृढीकरणका लागि योगदान पुऱ्याउनुहुन म सम्पूर्ण प्रदेशवासीमा अनुरोध गर्दछु । संघीयताको अभ्याससँगै नागरिकका आवश्यकता र चाहना अनुसारका क्षेत्रमा काम गर्न हामी क्रियाशील छौं । प्रदेश सरकारले प्रष्ट सोच र योजनाका साथ आर्थिक समृद्धिको लागि प्रयत्न गर्दै आएको छ ।

कार्य सम्पादनका क्रममा भएका कमजोरीमाथि समीक्षा गर्दै प्रदेशको समृद्धिका लागि चाल्नुपर्ने कदमका बारेमा आम नागरिकको सुझाव र सल्लाहको अपेक्षा समेत प्रदेश सरकारले गरेको छ । प्रभावकारी सेवा प्रवाह तथा सुशासन प्रदेश सरकारको पहिलो शर्त हो । स्थानीय तह, प्रदेश र संघ सरकारबीचको सम्बन्ध अझ मजबुत बनाउन सकेमा मुलुकको समृद्धि सम्भव छ भन्नेमा हामी विश्वस्त छौ ।

अन्त्यमा, नयाँ वर्ष २०७९ ले प्रदेशमा दिगो शान्ति, सुदृढ प्रादेशिक एकता र सामाजिक सद्भावसहित आर्थिक समृद्धिको लागि नयाँ जोश, जाँगर र उत्साह पैदा गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

२०७९ वैशाख १

कृष्णचन्द्र नेपाली पोखरेल